आ.व २०८२-८३

समय- दिउँसो ११ बजे

बैठक संख्या:१४

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

आज मिति २०८२ चैत्र १० गते मंगलबारको दिन यस कुम्मायक गाउँपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावती ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वंम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | १ नं वडाध्यक्ष | |
| ४ | श्री वालकृष्ण शेर्मा | २ नं वडाध्यक्ष | |
| ५ | श्री बाबुराम कार्की | ३ नं वडाध्यक्ष | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | ४ नं वडाध्यक्ष | |
| ७ | श्री निर्मल राज घिमिरे | ५ नं वडाध्यक्ष | |
| ८ | श्री गंगा देवि बोहोरा | का.पा सदस्य | |
| ९ | श्री बेद माया चापागाइ | का.पा सदस्य | |
| १० | श्री इन्द्रसरी विश्वकर्मा | का.पा सदस्य | |
| ११ | श्री धनमाया तामाङ्ग | का.पा सदस्य | |
| १२ | श्री डिक बहादुर दर्जी | का.पा सदस्य | |
| १३ | श्री लक्ष्मी नेपाली | का.पा सदस्य | |
| १४ | श्री जय नारायण खनाल | प्र प्र अ | |
| अन्य उपस्थिति | | | |
| १५ | सागर बस्नेत | प्रशासकीय अधिकृत | |
| १६ | रजत बुढाथोकी | सू.प्र. अधिकृत | |
| १७ | बिपिन निरौला | लेखा अधिकृत | |
| १८ | | | |

प्रस्तावहरु:

१. आ.व ०८२/८३ को स्वीकृत बजेट तथा कार्यक्रम संशोधनको लागि १९ औं हिउँदे गाउँसभामा पेश गर्ने सम्बन्धमा
२. आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐन २०८२ को पहिलो संशोधन सम्बन्धमा
३. कुम्मायक गाउँपालिका करार कर्मचारी योगदानमा आधारीत सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको विधेयक २०८२ सम्बन्धमा
४. विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दोस्रो संशोधन सम्बन्धमा
५. विविध

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८२ असार २६ गते बसेको गाउँसभाको बैठकले पारित गरेको आ.व २०८२/८३ को बजेट तथा कार्यक्रमहरु मध्ये तपसिलका आयोजना तथा कार्यक्रमहरु संशोधनको लागि विनियोजित बजेटको आकारमा कुनै फेरबदल नहुने गरी १९ औं गाउँ सभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

| कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | शंसोधन गर्नु पर्ने योजन तथा कार्यक्रमहरु | रकम | शंसोधित योजना तथा कार्यक्रमहरु | रकम | कैफियत |
| १ | मगर डाँडा-भज्याङ्ग अधुरो मोटर बाटो निर्माण | २,००,०००/- | सिङ्फरा माक्से खानेपानी योजना | २,००,०००/- | |
| २ | फर्निचर तथा फिक्चर अस्पताल | १०,००,०००। | असपताल उपकरण खरिद तथा व्ययवस्थापन | १०,००,०००।- | जम्मा १७,००,०००।- |
| ३ | स्वास्थ्य बिमा खर्च | ७,००,०००।- | | ७,००,०००।- | |
| कुम्मायक गाउँपालिका-शिक्षा शाखा | | | | | |
| २ | बाल बचत कार्यक्रम | ५०,०००/- | उत्कृष्ठ विद्यालय तथा विद्यार्थी (कक्षा ५ र ८) प्रोत्साहन तथा सम्मान कार्यक्रम | १,००,०००/- | |
| ३ | उत्कृष्ठ विद्यालय प्रोत्साहन कार्यक्रम नजिता/ भौतिक | ५०,०००/- | | | |
| कुम्मायक गाउँपालिका- १ नं. वडा | | | | | |
| ४ | निशुल्क जग्गादाता सम्मान तथा सभाहरुमा सिलालेख निर्माण | १,३०,०००/- | श्रमदान कार्यक्रम व्यवस्थापन (औजार तथा विरुवा खरिद) | ६०,०००/- | |
| | | | कुम्मायक माङहिम पूजारी तथा पूजा सामाग्री व्यवस्थापन | ६०,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पाइप खरिद | १०,०००/- | |
| ६ | श्रमदान कार्यक्रम व्यवस्थापन (कुम्मायक कुस्सायक तथा विभिन्न क्षेत्र) | १,४०,०००/- | ओखलढुंगा आ.वि कम्प्युटर, प्रिन्टर खरिद तथा वार्षिक उत्सव व्यवस्थापन कार्यक्रम | १,००,०००/- | |
| | | | पाइप खरिद | ४०,०००/- | |
| ७ | ५०% अनुदानमा अदुवाको विउ वितरण टोल नं ५ | १,८०,०००/- | यासोक बजार सफाबुङ मोटरबाटो स्तरन्नती | १,८०,०००/- | |
| कुम्मायक गाउँपालिका-२ नं. वडा | | | | | |
| ८ | श्री पञ्चकन्या आ.वि खेल मैदान मर्मत तथा व्यवस्थापन | ५०,०००/- | प्रिन्टर तथा Revolving office chair खरिद | ५०,०००/- | |
| ९ | कुम्मायक २ भलिबल प्रशिक्षण कार्यक्रम | १,००,०००/- | करार सेवा शुल्क (व्याक हो लोडर) | ४२,०००/- | |
| | | | ऐतिहासिक बृहत सत्ताशी मेल प्रचार प्रसार तथा व्यवस्थापन | ५८,०००/- | |
| १० | विपन्न तथा जेहेन्दार विद्यार्थी पोशाक तथा सामाग्री वितरण कार्यक्रम | १,५०,०००/- | भलिबल खेल कार्यक्रम | १,५०,०००/- | |
| कुम्मायक गाउँपालिका-३ नं. वडा | | | | | |
| ११ | जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमण | १,००,०००/- | ३ नं वडा कार्यालय भवनमा चेन गेट र गृल निर्माण | १,००,०००/- | |
| १२ | अतिथि सत्कार | ५०,०००/- | ३ नं वडा बाटो मर्मत तथा इन्धन खर्च | ५०,०००/- | |
| कुम्मायक गाउँपालिका-४ नं. वडा | | | | | |
| १३ | रानीगाउँ ६ थापागाउँ देविथान घेराबारा | १,००,०००/- | थापागाउँ आहाल घेरावारा तथा मर्मत | १,००,०००/- | |
| कुम्मायक गाउँपालिका-५ नं. वडा | | | | | |
| १४ | फलफूलका विरुवा ( ५०% साझेदारी) वितरण | १,००,०००/- | फलफूलका विरुवा ( २५% साझेदारी) वितरण | १,००,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | फौजिकिराको बिषादी ( ५०% साझेदारी) वितरण | १,००,०००/- | मकैको विरुवामा लाग्ने फौजी किराको विषादी व्यवस्थापन | १,००,०००/- | |
| १६ | प्रधानमन्त्री रोजगारको लागि ढुङ्गा व्यबस्थापन साझेदारी | १,५०,०००/- | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममा सहभागी वेरोजगारको लागि ज्याला | १,५०,०००/- | |

| प्रस्तावित कार्यक्रम तथा बजेट | | | | |
|---|---|---|---|---|
| क्र.स. | बजेट शिर्षक | खर्च शिर्षक | विनियोजित गर्नुपर्ने बजेट | कैफियत |
| १ | कुस्सायक पैदलमार्ग निर्माण तथा व्यवस्थापन | | ९ लाख | |
| २ | वडा नं २ सिचाई पोखरी निर्माण थप | | ८ लाख | |
| ३ | IRIS Device खरिद तथा व्यवस्थापन | | ४ लाख ८० हजार | |
| ४ | राष्ट्रिय परिचयपत्रको सर्भर व्यवस्थापन | | १ लाख | |
| ५ | १५ शया अस्पतालको नपुग रकम भुक्तानि | | ५३ लाख | |
| ६ | महंगी भत्ता करार | २११३२ | १० लाख | |
| ७ | विद्युत महशुलमा ५०% अनुदान सहायता | २२१११ | ३ लाख | |
| ८ | सवारीसाधन मर्मत खर्च | २२२१३ | १२ लाख | |
| ९ | आवास व्यवस्थापन | २८१४२ | ३ लाख १७ हजार २सय १ | |
| १० | दिर्धरोगिहरुको सोधभर्ना रकम | २७२९१ | ४ लाख | |
| ११ | इन्धन कार्यालय प्रयोजन | २२२१२ | १०लाख | |
| १२ | NWASH पालिका साँझेदारी | | ६ लाख ७ हजार ७ सय ९९ | |
| १३ | विद्यालय साँझेदारी( खाल्डे मा. वि र सरस्वती आ.वि ) | | १३ लाख | |
| १४ | भुल्के प्रहरी चौकीमा CC Camera जडान | | २ लाख | |
| १५ | यासोक बजार व्यवस्थापन | | ३ लाख | |
| १६ | कुम्मायक आ. अस्पतालको पुरानो भवनको खानेपानी पाईपलाईन मर्मत | | १ लाख ४५ हजार | |
| १७ | डम्पिङ साइड निर्माण तथा व्यवस्थापन | | ९ लाख | |

| | | | | |
|---|---|---|---|---|
| १८ | ३ नं. वडा कार्यालय ग्याविन वाल निर्माण तथा घेराबारा व्यवस्थापन | | ५ लाख | |
| १९ | सडक बोर्डबाट प्राप्त कार्यक्रमको साझेदारी | | १ लाख ५० हजार | |
| २० | स्मृति मञ्च पुन निर्माण | | ८ लाख | |
| | **जम्मा** | | १ करोड ६७ लाख | |

रकमान्तर हुने बजेट तथा कार्यक्रमहरु

| क्र.स. | बजेट शिर्षक | खर्च शिर्षक | स्रोत | रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1 | समपुरक अनुदान साझेदारीबाट | | नेपाल सरकार - समानिकरण अनुदान | २० लाख | |
| २ | गौरवको खानेपानी योजना | | नेपाल सरकार - समानिकरण अनुदान | ५० लाख | |
| ३ | बेसार उत्पादन तथा प्रशोधन,नवप्रवर्तन कोष साझेदारी कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ४० लाख | |
| ४ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि- बिजुली तथा खानेपानी व्यवस्थापन | २२१११ | आन्तरिक श्रोत | २ लाख | |
| ५ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि-आहारा व्यवस्थापन | २२३१२ | नेपाल सरकार - समानिकरण अनुदान | २ लाख | |
| ६ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि-आहारा व्यवस्थापन | २२३१२ | आन्तरिक श्रोत | १ लाख | |
| ७ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि-चल्ला खरिद | २२५२२ | आन्तरिक श्रोत | ३ लाख | |
| ८ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि - कुखुरे जाली व्यवस्थापन | २२५२२ | आन्तरिक श्रोत | ५० हजार | |
| ९ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि-औषधीउपचार खर्च | २७२१३ | नेपाल सरकार - समानिकरण अनुदान | २ लाख | |
| १० | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि-औषधीउपचार खर्च | २७२१३ | आन्तरिक श्रोत | १ लाख | |
| ११ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि- गार्ड हाउस निर्माण | ३११११ | नेपाल सरकार - समानिकरण अनुदान | ५ लाख | |
| १२ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि - मेशिनरी सामाग्रि व्यवस्थापन | ३११२२ | नेपाल सरकार - समानिकरण अनुदान | २ ला. | |

| | | | | |
|---|---|---|---|---|
| १३ | कृषि उत्पादन केन्द्र स्थापना तथा संच लन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि- नयाँ सेड निर्माण | ३१११५९ | आन्तरिक श्रोत | १ लाख ९५ हजार ४१ |
| १४ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि - नयाँ सेड निर्माण | ३१११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ६ लाख ४ हजार ९ सय ५९ |
| १५ | कृषि उत्पादन केन्द्र स्थापना तथा संचालन कार्यक्रमअन्तर्गत कुखुरा पालनका लागि-कुखुराको खोर निर्माण | ३१११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ४ लाख ५० हजार |
| १६ | बाख्रा विकास तथा स्रोत केन्द्र | २२५२२ | आन्तरिक श्रोत | ५ लाख ५० हजार |
| १७ | अगुवा कृषक भ्रमण कार्यक्रम | | प्रदेश सरकार राजस्व | ४ लाख |
| १८ | स्वास्थ्य विमा खर्च | | प्रदेश सरकार राजस्व वाँडफाँड | ३ लाख |
| १९ | अन्य भत्ता | | नेपाल सरकार - समानिकरण अनुदान | १ लाख |
| २० | राजश्व फिर्ता | | राजस्व वाँडफाँड संघ | २ लाख |
| २१ | राजश्व अभिमुखिकरण तालिम | | राजस्व वाँडफाँड संघ | २ लाख |
| २२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | राजस्व वाँडफाँड संघ | ५ लाख |
| २३ | कुम्मायक गाउँपालिका प्रशासनिक भवन निर्माण | | राजस्व वाँडफाँड संघ | २ लाख |
| २४ | जनप्रतिनिधि तथा कर्मचारी सम्मान कार्यक्रम | | नेपाल सरकार - समानिकरण अनुदान | ५० हजार |
| २५ | गाँउसभा सञ्चालन खर्च | | राजस्व वाँडफाँड संघ | २ लाख |
| | जम्मा | | | **१ करोड ६७ लाख** |

२. प्रस्ताव नं २ माथि छलफल गर्दा विधायन समितिबाट गाउँ कार्यपालिकामा सिफारिस भई पेश भएको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०८२ को तपशिलको परिच्छेदहरुमा पहिलो संशोधनको निम्ति गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

- आधारभृ अस्पताल संचालन व्यवस्थापन ऐनको परिच्छेद १ को दफा २ मा २१ र २२ मा तपशिल बमोजिम थप गर्ने

(२१)"आँखा उपचार केन्द्र" भन्नाले कुम्मायक आधारभूत अस्पताल अन्तर्गतको आँखा उपचार केन्द्र लाई सम्झनु पर्छ।

(२२) "नागरिक आरोग्य सेवा केन्द्रे" भन्नाले कुम्मायक आधारभूत अस्पताल अन्तर्गतको नागरिक आरोग्य सेवा केन्द्रे लाई सम्झनु पर्छ।

- आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐनको परिच्छेद ३ को दफा १२ मा झ र ञ मा तपशिल बमोजिम थप गर्ने

(झ) आँखा उपचार केन्द्र बाट प्राप्त रकम

(ञ) नागरिक आरोग्य सेवा केन्द्र बाट प्राप्त रकम

- आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐनको परिच्छेद १८ को दफा ४५ मा क र ख मा तपशिल बमोजिम थप गर्ने

(क) आधारभूत अस्पताल संचालन व्यवस्थापन ऐन गाउँ सभाले संशोधन गर्न सक्नेछ।

(ख) गाउँ कार्यपालिकाले नियम बानाउन सक्नेछ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा विधायन समितिबाट गाउँ कार्यपालिकामा सिफारिस भई पेश भएको कुम्मायक गाउँपालिका करार कर्मचारी योगदानमा आधारीत सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न बनेको विधेयक २०८२ केही संशोधन सहित स्वीकृतीको लागि १९ औं गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा विधायन समितिबाट गाउँ कार्यपालिकामा सिफारिस भई पेश भएको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद ४ को दफा २२ मा तपसिल संशोधन सहित विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दोस्रो संशोधन अनुमोदन गर्ने निर्णय गरियो।

- विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद ४ को दफा २२ मा तपशिल बमोजिम थप गर्ने

उ) अति प्रभावितमा सिफारिसमा परेका संघसंस्थाहरु तथा व्यक्तिको आवासको हकमा मर्मत संभार गर्न अधिकतम रु. ४०,०००| सम्म वडाको सिफारिस, प्रहरी मुचुल्का प्राविधिक मुल्याङकन तथा प्रतिवेदनको आधारमा उपलब्ध गराउन सकिने

ऊ) गोठमा क्षती भएमा वडाको सिफारिस, प्रहरी मुचुल्का, प्राविधिकको मुल्याङकन तथा प्रतिवेन बमोजिम अधिकतम रु १५,०००| सम्म उपलब्ध गराउन सकिने छ।

ए) पशु चौपायको हकमा पशु प्राविधिकको सिफारिस, वडाको सिफारिस, प्रहरी मुचुल्का अनुसार देहाय बमोजिम हुनेछ।

देहायः

क. खसी / बाख्रा मरेको हकमा रु. १,५००| प्रति गोटा

ख. गाई / गोरु मरेको हकमा रु. ५,०००| प्रति गोट

ग. भौसीं / रागाँ मरेको हकमा रु. ७,०००| प्रति गोटा

घ. बङ्गुर/ सुगुर मरेको हकमा रु. १,५००| राहत रकम गाउँ कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराईने छ।